संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल वैशाख २४ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले बैठकको कारवाही अगाडि बढाउन लाग्नुहुँदा मा० श्री प्रेम सुवाल, मा० डा० अमरेश कुमार सिंह र ने.क.पा. (एमाले) का केही मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिएर आकस्मिक समयको माग गर्नुभएपछि सम्माननीय सभामुखले अधिवेशन आह्वान भएपछिको पहिलो बैठकमा केहि प्रक्रिया पुरा गर्न बाँकी रहेकोले आ-आफ्नो आशन ग्रहण गर्न अनुरोध गर्नुहुँदा मा० श्री प्रेम सुवाल र मा० डा० अमरेश कुमार सिंहले आफ्नो आशन अगाडि उभिएर बोल्न पाउनु पर्छ भनी पटकपटक भन्नुभएपछि सम्माननीय सभामुखले केहि प्रक्रिया पुरा गरेपछि मा० सदस्यहरुलाई समय उपलब्ध गराइने जानकारी गराउनुहुँदा उहाँहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सभाको अधिवेशनमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरुलाई स्वागत गर्नु हुँदै सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल वैशाख २४ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।
>
> (रामचन्द्र पौडेल)
> राष्ट्रपति
>
> मिति :- २०८० वैशाख २०

त्यसपछि सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो ।

तत्पश्चात माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा नक्कली भुटानी शरणार्थी प्रकरण, वाइड बडी काण्ड, यती काण्ड साथै अन्य भ्रष्टाचारका घटनाहरुमा पूर्व प्रधानमन्त्री, पूर्व मन्त्री र शिर्ष नेताहरुका नाम नै तोकेर विभिन्न सञ्चार माध्यम तथा पत्रपत्रिकामा समाचार आएको विषयमा उच्चस्तरीय आयोग गठन गरी छानवीन हुनु पर्ने, प्रधानमन्त्रीको खिसिट्युरी गर्नुको सट्टा भ्रष्टचारीलाई कानूनी दायरामा ल्याउन सहयोग गर्नुपर्ने, नागरिकता विधेयक पुनः संसदमा दर्ता गरिनु पर्ने, नेपाली नागरिक नागरिकता त्यागी लाखौं खर्च गरेर विदेश जान वाध्य भएका तथा नागरिकता विहिन जनताहरुको बारेमा पनि सरकारले ध्यान दिनुपर्ने, सबै पक्ष मिलेर नागरिकता विधेयक तुरुन्त प्रमाणीकरण गर्नु पर्ने, सम्पूर्ण सांसदको सम्पत्ति विवरण जनताले देखिने गरी वेभसाइट मार्फत प्रकाशित गर्नुपर्ने लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नुभयो:-

१) मा० श्री प्रेम सुवाल
२) मा० डा० अमरेश कुमार सिंह
३) मा० श्री पदम गिरी
४) मा० श्री महेश कुमार वर्तौला
५) मा० श्री सूर्य बहादुर थापा क्षेत्री
६) मा० श्री माधव सापकोटा
७) मा० श्री रामहरि खतिवडा
८) मा० श्री रघुजी पन्त
९) मा० श्री अनिता देवी
१०) मा० डा० सुनिल कुमार शर्मा
११) मा० श्री सरिता प्रसाई
१२) मा० श्री रन्जु कुमार झा
१३) मा० डा० आरजु राणा
१४) मा० श्री हरि ढकाल
१५) मा० श्री मेटमणि चौधरी
१६) मा० श्री दिपक बहादुर सिंह
१७) मा० श्री प्रदिप यादव

यसैबिच माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले बोलिसकेपछि माननीय श्री ज्ञान बहादुर शाहीले नियमापत्ति गर्नु हुँदै नक्कली भुटानी शरणार्थी भएका व्यक्तिलाई कारवाही गर्ने विषय स्विकार्य हुँदैन तर नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी भई देश छोड्न वाध्य पार्ने भ्रष्टचारीलाई कारवाही हुनु पर्दछ भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले बैठकको अन्य कारवाही अगाडि बढाउन खोज्नुहुँदा नेपाली काँग्रेस, ने.क.पा. (एमाले), ने.क.पा. (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल, ने.क.पा. (एकीकृत समाजवादी) लगायतका पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भई बोल्नको लागि समय माग गर्नुभएपछि सम्माननीय सभामुखले केही मा० सदस्यहरुले बोली सक्नुभएको छ, मा० सदस्यहरु एक

अर्काका भनाईप्रति वादविवादमा नजाऔं र कार्यसूचीको कार्यक्रम अगाडि बढाउन आ-आफ्नो आशन ग्रहण गरी सहयोग गर्नुहुन बारम्बार आग्रह गर्नुभएपछि मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले जनता समाजवादी पार्टी, नेपालबाट प्रतिनिधि सभाको उपनिर्वाचन मार्फत् बारा क्षेत्र नं. २ बाट निर्वाचित भई आउनु भएका प्रतिनिधि सभा सदस्य मा० श्री उपेन्द्र यादवलाई सभा एवं व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/२० गते देहाय बमोजिम मन्त्री नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री धनराज गुरुङ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय । |
| २. | श्री मोहन बहादुर बस्नेत | मन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । |
| ३. | श्री डिगबहादुर लिम्बु | मन्त्री | युवा तथा खेलकुद मन्त्रालय । |

(यादवप्रसाद कोइराला)
मिति : २०८०/०१/२१ सचिव

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री ईश्वरी देवी न्यौपाने
(२) मा० श्री कृष्ण गोपाल श्रेष्ठ
(३) मा० श्री चन्दा कार्की भण्डारी
(४) मा० श्री प्रतिक्षा तिवारी
(५) मा० श्री बिमला सुवेदी
(६) मा० श्री बुद्धिमान तामाङ्ग
(७) मा० श्री रामकृष्ण यादव

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गले "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०" पेश गर्नुभयो ।

तत्पश्चात माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले "आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सम्बन्धी पुस्तिका उपस्थिति कक्षबाट उपलब्ध हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको लागि यही २०८० साल वैशाख २५, २६ र २७ गते हुने गरी तोकेको व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा भाग लिन सम्बन्धित संसदीय दलका पदाधिकारीहरुले आ-आफना दलका वक्ता मा० सदस्यहरुको नाम बैठक बस्नुभन्दा एक घण्टा अगावै कार्यव्यवस्था शाखा, संघीय संसद सचिवालय, नयाँ बानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको क्रममा माननीय सदस्यहरुबाट उठाइएका विषयहरुको टिपोटको लागि अर्थ मन्त्रालयका साथै सचिवालयलाई समेत निर्देश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को व्यवस्था बमोजिम मिति २०८०/०१/१९ गते प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरी निलम्बन हुनु भएको सूचनापत्र-४ प्रकाशन गरिएको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल वैशाख २५ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ५:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव